# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)

# Securities Board of Nepal
(Nepal Government's Securities and Commodities Exchange Regulator)


## प्रेस विज्ञप्ती

### वजार सम्वन्धी समस्या छलफलवाट समाधान गर्ने ।

प्रतिनिधि सभाको अर्थ समितिले मिति २०७५।११।०७ मा आयोजना गरेको पूंजी बजारमा देखिएको समस्या सम्वन्धी छलफल कार्यक्रममा नियामक निकायको तर्फवाट वोर्डका अध्यक्षज्यूले धितोपत्र दलाल व्यवसायीहरु प्रतिस्पर्धी हुनुपर्ने, व्यवसायको पहुँच विस्तार गर्नुपर्ने लगायतका धितोपत्र व्यवसाय तथा वजार बिकास तथा विस्तारका सम्वन्धमा दिनु भएको अभिव्यक्तिलाई अन्यथा रुपमा लिइएको र सो सम्वन्धमा व्यवसायीहरुसंग वोर्डमा छलफल समेत गरी स्पष्ट समेत गराईसकिएको र नेपाल सरकारद्धारा गठित मुद्रा तथा पूँजी बजार सम्वन्धी कार्यदलको सुझाव अनुसार नेपाल सरकार र वोर्ड समस्या समाधान गरी वजारको सुधार गर्ने क्रममा रहेकोमा एक्कासी धितोपत्र दलाल व्यवसायीहरुले आन्दोलन गर्ने भन्ने जानकारी प्राप्त भएकोमा वोर्डको गंभिर ध्यानाकर्षण भएको छ ।

देशमा आएको राजनैतिक स्थायित्वसंगै आर्थिक विकासको लागि आर्थिक साधन परिचालनमा धितोपत्र वजारको महत्वलाई दृष्टिगत गरी धितोपत्र दलाल व्यवसायीसहित वजार सहभागीहरुको सहयोगमा पूँजीवजारका विविध पक्षहरुको सुधार र विकास भइरहेको छ भने वोर्डलाई थप स्वायत्तता प्रदान गरी यसको काम कारवाहीलाई थप प्रभावकारी वनाउन नेपाल सरकारले धितोपत्र सम्वन्धी ऐन, २०६३ को संशोधन प्रक्रिया अगाडि वढाइसकेको छ ।

यसै परिप्रेक्ष्यमा विगत केही वर्ष देखि धितोपत्र दलाल व्यवसायी सेवालाई मूल्य अभिवृद्धि करमा आवद्ध गर्ने सम्वन्धमा समस्या रहेकोमा वोर्डको पहलमा नेपाल सरकारले धितोपत्र दलाल व्यवसायलाई मूल्य अभिवृद्धि कर नलाग्ने व्यवस्था गरी वित्तीय मध्यस्थकारी संस्थाको मान्यता दिएको, मार्जिन कारोवार सुविधा उपलब्ध गराउने कार्य कार्यान्वयनमा ल्याउन नेप्से र धितोपत्र दलाल व्यवसायीहरुलाई निर्देशन दिइएकोमा सो कार्यान्वयनमा आउन लागेको, धितोपत्र दलाल व्यवसायी संस्थालाई सुदृढ गर्दै काठमाण्डौ उपत्यका वाहिर ४१ स्थानमा शाखा खोल्न स्वीकृत दिइएको तथा अन्य आठ ठाँउमा शाखा खोल्न पूर्व स्वीकृति दिइएको छ साथै अन्य जिल्ला र स्थानहरुमा नियामक निकायहरुको संस्थागत तथा प्राविधिक क्षमता, धितोपत्र दलाल व्यवसायीको क्षमता तथा आर्थिक सक्रियताको हिसावले प्रतिस्पर्धात्मक र गुणात्मक रुपमा अगाडि वढाउन एवं धितोपत्र दलाल व्यवसायीलाई धितोपत्र व्यापारी (डिलर) को रुपमा कार्य गर्ने सम्वन्धमा नियमावली संशोधनको प्रक्रिया अगाडि वढाई सम्वद्ध पक्षहरुको राय सुझावको लागि अनुरोध समेत गरिएको छ ।

यसरी वजारको विकास र विस्तार तथा देखिएका समस्याहरुको समाधानको लागि सम्वद्धपक्षहरु संग छलफल तथा अर्न्तक्रिया गरी कार्य अगाडि वढाउने वोर्डको अभ्यास रही रहेको सर्न्दभमा व्यवसायिक समस्याहरु रहे वोर्ड छलफलवाट त्यसलाई निराकरण गर्न सधैं तत्पर रहेको छ । यसै परिप्रेक्ष्यमा व्यवसायीहरुले गर्ने आन्दोलनले प्रत्यक्षरुपमा लगानीकर्ताहरुलाई असुविधा भई बजारमा अझ प्रतिकूल प्रभाव पर्ने तथा राष्ट्रिय विकासको कार्यमा समेत अवरोध हुने हुनाले सम्वन्धित पक्षहरुलाई संयमित भई आफ्नो व्यवसायिक मर्यादा कायम राखी पूंजी वजारको विकास र विस्तारमा सहयोग गर्नु हुन सम्वन्धित सवैलाई वोर्ड आग्रह गर्दछ ।

मिति: २०७५।११।१४

(निरज गिरी)
प्रवक्ता


Post Box No.: 9031, Jawalakhel, Lalitpur, Nepal
Phone: 00977-1-5550511, 5544076, 5551162, 5544077, 5550512, 5541057, 5541058 Toll Free No.: 1660-01-44433
Fax No.: 00977-1-5541058, Email: support@sebon.gov.np, Website: www.sebon.gov.np